जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः १८८ पृष्ठः ४ | २०८२ कार्तिक ३० आइतबार (Sunday 15 Nov. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सहजा खोलामा सवारी दुर्घटना



सिरहा, २९ कार्तिक। पूर्व पश्चिम हुलाकी सडकअन्तर्गत औरही गाउँपालिका- ४, इटाटरस्थित सहजा खोलामा सवारी दुर्घटनामा प्रहरीको मृत्यु भएको भोलिपल्ट पुनः अर्को दुर्घटना भएको छाऔरही हुँदै पश्चिम आउँदै गरेको बा१५च ३६७ नम्बरको कार शनिबार बिहान करिब सवा २ बजेतिर औरही- ४ स्थित साभ्का खोला छेउस्थित हुलाकी सडक खण्डमा दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा प्रहरी प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माका अनुसार दुर्घटनामा कारचालक धनुषाको बटेश्वर गाउँपालिका-४ बस्ने करिब ३० वर्षका राकेश यादव घाइते भएका छन्। दुर्घटनाको खबर पाएलगत्तै औरही प्रहरी चौकीबाट आएको प्रहरी टोलीले घाइतेको उद्धार गरी प्रादेशिक अस्पताल सिराहा पठाइएको उनले बताए। घाइतेको सामान्य उपचार डिस्चार्ज भई घरतर्फ गएको र आंशिक रूपमा क्षति भएको कार घटनास्थलबाट बिहान करिब साढे१० बजेतिर निकाली कारधनीले कार लिएर गएको प्रहरीले जनाएको छ ।

## लहानमा नहरमा जमेको पानीमा डुवेर युवतीको मृत्यु

लहान, २८ कार्तिक। सिरहाको लहानमा नहरमा डुवेर एक युवतीको ज्यान गएको छ । लहान ११ पडरियास्थित ग्राण्ड होटेल अगाडीको नहरमा जमेको पानीमा डुवेर स्थानीय रामेश्वर चौधरीको २६ वर्षिया छोरी सुनिता चौधरीको विहिवार अपरान्ह ज्यान गएको हो। स्थानीयले पानीमा डुबेर मृत्यु भएको टेलिफोन मार्फत प्रहरीलाई जानकारी गराएको थियो।

## तीन वर्षमा दुई हजारभन्दा बढी मोतियाबिन्दु बिरामीको निःशुल्क शल्यक्रिया

सिरहा, २९ कार्तिक। नेपाल नेत्रज्योति संघद्वारा सगरमाथा चौधरी आँखा अस्पताल लहानको सहकार्यमा लहान नगरपालिका सञ्चालन हुँदै आएको आँखा जाँच शिविरले तीन वर्षको अवधिमा दुई हजारभन्दा बढी मोतियाबिन्दु बिरामीलाई शल्यक्रियामार्फत निःशुल्क उपचार गरेको छ। नगरपालिकाका २४ वटै वडामा आयोजित शिविरमार्फत हालसम्म १८ हजार ३१७ जनाको आँखा जाँच गरिएको थियो, जसमा दुई हजार ५५३ जनामा मोतियाबिन्दु पहिचान गरिएको शिविर प्रमुख राजकुमार यादवले जानकारी दिए ।

उनको अनुसार पहिचान भएका बिरामीमध्ये एक हजार ९७७ जनाको शल्यक्रिया भइसकेको छ भने पाँच सयभन्दा बढी बिरामीलाई खोजी गरी शीघ्र उपचार गर्ने तयारी भइरहेको छ। त्यस्तै, ५० वर्षभन्दा माथिका नागरिकमा मोतियाबिन्दुको समस्या धेरै देखिएको उनले बताए। शिविर सञ्चालनका लागि लाग्ने प्रतिव्यक्ति पाँच हजार रुपैयाँ खर्चमध्ये आधा रकम लहान नगरपालिका र आधा अस्पतालले व्यहोर्दै आएका छन्। बिहीबार




वडा नं २४ मा गरिएको शिविरमा ३३५ जनाको स्वास्थ्य परीक्षण हुँदा ९९ जनामा मोतियाबिन्दु फेला परेपछि तुरुन्तै अस्पताल ल्याई शल्यक्रिया गरिएको थियो।

नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले नगरलाई 'मोतियाबिन्दु मुक्त' बनाउन अभियान चलाइरहेको बताए। "दियोको मुनि अँध्यारो रहनु हुँदैन भन्ने भावनाले हामी नगरवासीको आँखाको स्वास्थ्यमा विशेष ध्यान दिइरहेका छौं," उनले भने। अस्पतालका अध्यक्ष रविन्द्रलाल चौधरीले दलित तथा विपन्न वर्गका नागरिकले शिविरबाट प्रत्यक्ष लाभ पाइरहेको उल्लेख गर्दै लहान नगरपालिकाको सहकार्यले सिरहा-सप्तरीका अन्य पालिकासमेतमा आँखा रोग निवारण अभियान सशक्त बन्दै गएको बताए।

शिविरमार्फत जाँच र शल्यक्रिया पाएका दलित तथा विपन्न समुदायका नागरिकले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराएर नयाँ जीवन दिएको जनाउँदै लहान नगरपालिका र सगरमाथा चौधरी आँखा अस्पतालप्रति आभार व्यक्त गरेका छन्। स्थापनादेखि सन् २०२४ को अन्तिमसम्ममा नेपाल नेत्रज्योति स को २८ आँखा अस्पताल र २२६ आँखा उपचार केन्द्रको सञ्जालमार्फत नेपाली नागरिक तथा अन्य विभिन्न देशका नागरिक गरी कुल चार करोड ६८ लाख ६८ हजार ६० जना आँखाका बिरामीलाई आँखा उपचार सेवा प्रवाह गरिसकेको छ भने ५३ लाख ९२ हजार २२४ जनाको आँखाको शल्यक्रिया भइसकेको छ।




## स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै वस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने,
- त्यस्तो वस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा विक्री मुल्य प्रकाशन गर्नुपर्ने,
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने,
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## जनतालाई हेप्ने शासकीय संस्कृतिकै निरन्तरता !

महान्यायाधिवक्ता पदमा सबिता भण्डारी नियुक्त हुनुभन्दा पहिले बहस गरेकै मुद्दा नचलाउने उनकै कार्यालयको निर्णय अहिले विवादको विषय बनेको छ। हुनत, यो परिबन्दमात्र पनि हुनसक्छ तर बनमा बाघ कराउने र खोरमा बाख्रो हराउने भयो भने बाघलाई दोष त लाग्छ। राजधानीमा निजी क्षेत्रबाट सञ्चालित एउटा 'फर्टिलिटी' क्लिनिकमा उमेर नपुगेका बालिकाबाट डिम्ब संकलन गरिएको घटनामा नेपाल प्रहरीले कारबाही सुरु गरेको थियो। त्यस विषयमा महान्यायाधिवक्ताको कार्यालयले हालै मुद्दा चलाउन नमिल्ने भनी निर्णय गरेपछि यो बहस र विवादको विषय बनेको छ।

महान्यायाधिवक्ता भण्डारी स्वयं उक्त विवादित क्लिनिकसँग सम्बद्ध रहेकीले मुद्दा नचलाउने निर्णयमा उनको स्वार्थको द्वन्द्व देखियो। हुन त, महान्यायाधिवक्ता भण्डारीले आफू निर्णयमा संलग्न नरहेको भन्ने स्पष्टीकरण पनि सार्वजनिकरूपमा दिइसकेकी छन् तर त्यसैमा पनि प्रश्न उठेको देखिन्छ। महान्यायाधिवक्ताको कार्यालयले बहालवाला महान्यायाधिवक्तासमेत संलग्न विषयमा निर्णय गर्दा प्रभावरहित न्यायिक मन प्रयोग भयो होला भन्ने विश्वास गर्न नेपालको प्रशासनिक संस्कृतिले पनि दिँदैन। मुद्दा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयले भने नेपालको कानुनले कसुर नमानेको भन्ने आधार लिएको देखिन्छ।

यस विषयमा महान्यायाधिवक्ताको कार्यालयको स्पष्टीकरण स्वयंले पनि बालबालिकाको संरक्षणको विषयमा संवेदनशीलता र गम्भीरताको अभाव रहेको देखाएको छ। बालिकाबाट डिम्ब झिक्नु नेपालको कानुनमा स्पष्ट नामै किटेर नलेखिएको भए पनि बालबालिकाविरुद्धको हिंसा होइन भन्न मिल्दैन। यसैले महान्यायाधिवक्ताको कार्यालयको यो रकमी तर्क विवेकसम्मत मान्न सकिँदैन।

जे होस्, मुद्दा चलाएर कसुर ठहर हुने वा नहुने निर्णय गर्न अदालतलाई दिइएको भए सम्भवतः यो विवादको विषय बन्ने पनि थिएन। यस्तै, महान्यायाधिवक्ता स्वयं मुद्दामा नजोडिएको भए पनि धेरै गम्भीर चासोको विषय नबन्न सक्थ्यो। तर, महान्यायाधिवक्ता नै विवादको पक्ष भएकाले यसमा उनको स्पष्टीकरणले मात्र पुग्दैन। लोकतन्त्रमा शासकहरू जनताप्रति उत्तरदायी हुन्छन्। सार्वजनिक पदमा रहेका व्यक्तिको आचरणका सम्बन्धमा प्रश्न उठेपछि जनताले उत्तर थाहा पाउनुपर्छ। यो सरकार त झन् 'सुशासन'का निम्ति भएको आन्दोलनको बलबाट बनेको हुनाले जनताप्रति झन् बढी जवाफदेही हुनु जरुरी हुन्छ। कारण, सरकारको वैधता नै नैतिक शक्तिमा जो अडेको छ।

महान्यायाधिवक्ता प्रधानमन्त्रीको नितान्त व्यक्तिगत छनोटबाट नियुक्त हुने भएकाले पनि प्रधानमन्त्री कार्कीले यसमा जनताप्रति जवाफदेही हुनुपर्छ। यसैले यस प्रकरणमा महान्यायाधिवक्ता भण्डारीको निर्दोषिताको प्रत्याभूति स्वयं प्रधानमन्त्री सुशीला कार्कीले नै सार्वजनिकरूपमा दिनु श्रेयस्कर हुनेछ। जनतालाई उपेक्षा गर्ने शासकीय संस्कृति बदल्नु नै बेस हुनेछ।

# निर्वाचनको विकल्प छैनः उपेन्द्र यादव

रुपन्देही, २९ कार्तिक। जनता समाजवादी पार्टी (जसपा), नेपालका अध्यक्ष उपेन्द्र यादवले मुलुकमा निर्वाचनको विकल्प नभएको बताउनुभएको छ। भैरहवामा पार्टीको लुम्बिनी प्रदेश समितिको प्रथम अधिवेशनमा उहाँले निर्वाचनका लागि सरकारले वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो। अध्यक्ष यादवले हाल सुरक्षाको वातावरणका बारेमा धेरैको चिन्ता र चासो रहेको भन्दै सरकारले सम्बोधन गर्नुपर्ने बताउनुभयो। "यो सरकारको दायित्व नै निर्वाचन गराउने हो।जनतालाई सुरक्षा दिने प्रहरी प्रशासन भयभित रहेको अवस्थामा यसको अन्त्य गरेर निर्वाचनको वातावरण बनाउनुपर्छ र निर्वाचन हुनुपर्छ", उहाँले भन्नुभयो।

पूर्वउपप्रधानमन्त्री यादवले लोकतन्त्रमा जनताको प्रतिनिधि सरकारमा हुनुपर्ने बताउँदै जनसंख्याको आधारमा प्रतिनिधित्व आवश्यक रहेकामा जोड दिनुभयो।उहाँले पार्टी र उम्मेदवारले पैसा खर्च गर्न नपर्ने गरी निर्वाचन प्रणाली सुधार हुनुपर्ने र संघीय संरचना सुधार्न प्रदेश सरकारलाई अधिकारसम्पन्न बनाइनुपर्ने धारणा राख्नुभयो। पार्टीका महासचिव रामकुमार शर्माले उत्पीडित समुदायले पाएका अधिकार सुरक्षित गरी संविधान संशोधनमार्फत देशलाई अग्रगमनतर्फ लैजानुपर्नेमा जोड दिनुभयो।

# राजदूत नियुक्तिको स्वार्थ र फिर्ताको राजनीति

**रमेश अधिकारी**

सुशीला कार्की नेतृत्वको वर्तमान अन्तरिम सरकार संक्रमणकालीन अवस्थामा स्थिरता कायम गर्न, निर्वाचन गराउन र आधारभूत प्रशासन सञ्चालन गर्न गठन भएको हो। तर यो सरकारले दुई महिनामै विभिन्न देशमा कार्यरत ११ जना राजदूत फिर्ता बोलाउने निर्णय गरेर नयाँ विवादको बिउ रोपेको छ। यो निर्णय केपी शर्मा ओली नेतृत्वको अघिल्लो सरकारले राजनीतिक सिफारिसमा नियुक्त गरेका २० जना राजदूतमध्ये १८ जनालाई लक्ष्य गर्दै सुरू भएको थियो। अन्ततः ११ जनामा सीमित भयो जसमा चीन, अमेरिका, बेलायत, जर्मनी, रूस, कतार, मलेसिया, साउदी अरब, इसराइल, स्पेन र जापान छन्।

बाँकी सात जना अस्ट्रेलिया, भारत, डेनमार्क, दक्षिण कोरिया, दक्षिण अफ्रिका, श्रीलंका र बेल्जियमका राजदूत यथावत राख्ने निर्णयले कूटनीतिक वृत्तमा थप प्रश्न उब्जाएको छ। संसदीय सुनुवाइबाट अनुमोदित हुने व्यवस्था रहेको राजदूतको कार्यकाल चार वर्षको हुने व्यवस्था छ। नियुक्ति भई विभिन्न देशमा गएका राजदूतलाई सरकारले आवश्यक ठानेमा पदावधि पूरा हुनुअगावै फिर्ता बोलाउन सक्ने प्रावधान राजदूत नियुक्ति सम्बन्धी निर्देशिका–२०७५ ले दिएको छ। यद्यपि परराष्ट्र मन्त्रालयको समेत जिम्मेवारी सम्हालिरहेकी प्रधानमन्त्री कार्कीले ११ जना राजदूत फिर्ता बोलाउनुका तीन कारण सार्वजनिक गरेकी छन्।

पहिलो, सम्बन्धित मुलुकहरूसँग परामर्श गर्दा कार्यसम्पादन चित्तबुझ्दो नभएको।

दोस्रो, अन्तरिम सरकारमाथि सार्वजनिक टिकाटिप्पणी गरेको।

तेस्रो, आर्थिक अनियमिततामा नाम मुछिएको छ।

प्रधानमन्त्रीले लगाएका यी आरोप गम्भीर प्रकृतिका छन्। पूर्वप्रधानन्यायाधीशको पृष्ठभूमि भएकी र भ्रष्टाचारविरुद्ध सधैं निडर उभिएकी प्रधानमन्त्री कार्कीको यो कदमलाई कुनै राजनीतिक दलको प्रतिनिधित्व गर्ने प्रधानमन्त्रीले गरेको मिडिया ट्रायल भन्न पनि मिल्दैन। त्यसैले यस निर्णय सुशासनको कसीमा राखेर हेर्नु आवश्यक छ। किनकि आरोप सामूहिक रूपमा लगाइएका छन्, कसैलाई कुन आरोप लागेको हो स्पष्ट छैन र छानबिनको पारदर्शी प्रक्रिया अपनाइएको देखिँदैन। आरोप गम्भीर छन्, तर राजदूतहरूलाई एउटै डालोमा राखेर गरिएको व्यवहार अलि अनपेक्षित छ।

यदि आरोप सत्य छन् भने पारदर्शी छानबिन गरी कारबाही गर्नुपर्ने, सामान्य सोधपुछ गर्नुपर्ने भए त्यसै गर्नुपर्ने थियो। र, राजदूतहरूलाई राजीनामा दिएर सरकारलाई सजिलो बनाउनुपर्ने हुन्थ्यो।

**राजनीतिक नियुक्तिको स्वार्थ र फिर्ताको राजनीति**

नेपालमा राजदूत सिफारिस गर्दा राजदूत नियुक्ति सम्बन्धी निर्देशिका–२०७५ मा उल्लेख भएको कूटनीतिक क्षमता, योग्यता र अनुभवजस्ता पक्षहरूलाई ध्यान नदिई आफ्नो दल वा नाता–सम्बन्ध एवं निकटस्थको आधारमा राजदूत छानिन्छ जसले गर्दा कूटनीतिक क्षेत्रमा हेलचेक्र्याइँ भएको भनी लगातार टिकाटिप्पणी भइरहन्छ। उक्त निर्देशिका अनुसार कुनै देशको राजदूत नियुक्तिका लागि ३५ वर्ष पूरा भएको, स्नातक हासिल गरेको, सरकारी सेवाबाट बर्खास्त नभएको, विदेशी मुलुकको आवासीय अनुमति पत्र नलिएको र भ्रष्टाचारमा अदालतबाट सजाय नपाएको हुनुपर्ने व्यवस्था छ।

यसैगरी नेपालको परराष्ट्रनीति, अन्तर्राष्ट्रिय सम्बन्ध, कूटनीति–आयामबारे अनुभव हासिल गरी मुलुकको प्रतिनिधित्व गर्न सक्ने क्षमता भएको तथा सम्पादन गर्नुपर्ने प्रमुख कार्यबारे ज्ञान र अनुभव भएको हुनुपर्ने निर्देशिकामा उल्लेख छ। राजदूतका लागि अंग्रेजी भाषाको ज्ञान भएको, नियुक्ति हुने मुलुकमा कुनै प्रकारको हित बाझिने अवस्था नरहेको तथा कुनै पनि विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा कार्यरत नभएको हुनुपर्ने भनिएको छ।

राजदूतको थप योग्यतामा उच्च नैतिक चरित्र भएको, कालोसूचीमा नपरेको तथा लाभको पद धारण गरी वा नगरी विदेशी राष्ट्रले नियुक्त गरेको जिम्मेवारीबाट अवकास लिएको १० वर्ष पूरा हुनुपर्ने प्रावधान छ। दुर्भाग्य, नेपालमा राजदूत नियुक्ति प्रक्रिया कमै निष्पक्ष, पारदर्शी र व्यावसायिक हुन सकेको छ। संवैधानिक रूपमा राष्ट्रपतिले नियुक्त गर्ने राजदूतहरूको सिफारिस मन्त्रिपरिषदले गर्छ, तर व्यवहारमा यो राजनीतिक भागबन्डाको शिकार बन्दै आएको छ। मूलतः राजदूत लेनदेनका लागि गतिलो पद बनेको छ। सबैलाई एउटै डालोमा राखेर हेर्न नमिले पनि विगतमा भएका कयौं लेनदेनका घटनाले यस्तो बुझाइलाई प्रश्रय नै दिन्छ।

जीवनभर सक्रिय राजनीति गरेर लाभ प्राप्त गरेका वा कूटनीति विज्ञानसँग सम्बन्ध राखेका राजनीतिज्ञ, जागिरे कालभर नेताहरूलाई गुन लगाएका कर्मचारी, वा कुनै सफल व्यापारी वा उद्योगी– उनीहरूको राज्यसत्तासँगको साँठगाँठका प्रमाणहरू देखिने गरी छन्। यस्तो अवस्थामा पनि केही अब्बल राजदूतहरू नभएका होइनन्, तर राजदूत छनोटको प्रक्रिया पारदर्शी र निष्पक्ष नभएको हुँदा एक–दुई अब्बल राजदूत छानिनु केवल संयोग मात्र हुन्छ।

केपी शर्मा ओली नेतृत्वको सरकारले गत वर्ष असार अन्त्यमा १५ दिनभित्रै पाँच देशका राजदूत फिर्ता बोलाएर १७ देशमा नयाँ सिफारिस गरेको थियो। तीमध्ये पाकिस्तान र पोर्चुगलका लागि मात्र परराष्ट्र मन्त्रालयका कर्मचारी थिए भने बाँकी सबै राजनीतिक सिफारिसमा अवसर प्राप्त गरेका थिए। यी नियुक्तिहरूले संसदीय सुनुवाइ र सम्बन्धित देशको एग्रिमो (अनुमति) प्रक्रिया पूरा गरेका थिए र अधिकांशको एक वर्ष पनि पदावधि पुगेको थिएन। सुशीला कार्की सरकारले तिनैमध्ये ११ जनालाई असोज ३० मा मन्त्रिपरिषदबाट फिर्ता बोलाउने निर्णय गरेको थियो।

सरकारले अपेक्षा नगरेको सर्वोच्च अदालतले कात्तिक २० गतेसम्म काठमाडौं आइपुग्न भनिएका राजदूतहरूलाई तत्काल फिर्ता हुन नपर्ने अन्तरिम आदेश दियो। सर्वोच्चको आदेशमा भनिएको थियो, पदावधि बाँकी छ, फिर्ता बोलाउनुपर्ने कारण स्पष्ट छैन र नयाँ नियुक्तिको कुनै तयारी पनि छैन। यसले कार्की सरकारको पहिलो राजदूत सम्बन्धी निर्णयमा गम्भीर प्रश्न उठायो र दाँतमा ढुंगा लाग्यो। जसरी अदालतको आदेश अनपेक्षित थियो, त्योभन्दा ठूलो आश्चर्य तब भयो, जब सरकारले अदालतको आदेशपछि राजदूतहरूलाई नेपाल फर्केर परराष्ट्र मन्त्रालयमा हाजिर हुनू भनेर निर्देशन दियो।

यस्तो निर्णयले सरकारको व्यवहार अघिल्ला सरकारकै छनक दिएको देखायो। फिर्ता बोलाइएका राजदूतहरू मन्त्रालय के गर्लान्? यिनीहरू फेरि लुरुलुरू मन्त्रालयमा जालान् कि नजालान्, वा यसभन्दा अघि जिम्मेवारी नपाएका कर्मचारीहरूले बरन्डामा बिताएझैं महामहिमहरू पनि बरन्डामा समय बिताउलान कि नबिताउलान? किनकि उनीहरूलाई कुनै विभागीय जिम्मेवारी छैन। हाजिर गरेर घाम ताप्ने र बस्ने बाहेक अर्को काम हुँदैन। यो स्पष्ट रूपमा राजीनामा दिन दबाब दिने रणनीति हो। यसअघि बेलायतका लागि नेपाली राजदूत चन्द्र घिमिरेले सुरू गरेको राजीनामा हाल चार जनाले दिइसकेको अनौपचारिक रूपमा सार्वजनिक भएको छ। तर राजीनामा स्वीकृत भएको सूचना आधिकारिक रूपमा आजसम्म आएको छैन। यी घटनाले राजदूतहरू नैतिक अप्ठ्यारोमा छन् भन्ने देखाउँछ। तर प्रश्न उठ्छ—के यो अप्ठ्यारो सरकारले पनि सिर्जना गरेको होइन र?

**प्रधानमन्त्रीका तीन आरोपहरूः गम्भीरता र कमजोरी**

प्रधानमन्त्री कार्कीले राजदूतहरूलाई लगाएको पहिलो आरोप भनेको कार्यसम्पादन चित्तबुझ्दो नभएको भन्ने हो। प्रधानमन्त्री कार्कीले भनिन्, 'सम्बन्धित मुलुकहरूसँग परामर्श गर्दा राजदूतहरूको कार्यसम्पादन सन्तोषजनक नभएको पाइयो।' यो आरोप सहजै बुझ्न सकिन्छ। राजदूतहरूको नियुक्ति प्रक्रियामा स्वार्थ र राजनीतिक भागबन्डा हुन्छ भने कार्यसम्पादन कसरी राम्रो हुन्छ? ओली सरकारले १५ दिनमै १७ जना नियुक्त गर्दा कुनै मापदण्ड पालना गरिएको थिएन।

कार्यसम्पादन कमजोर छ भने त्यसको जिम्मेवारी नियुक्ति गर्ने सरकारको पनि हो। राजदूत नियुक्ति सम्बन्धी निर्देशिकाले कार्यसम्पादन मूल्यांकनमा मन्त्रालयले कार्यविवरणको आधारमा राजदूतको कार्यसम्पादन मूल्यांकन गर्नेछ भनिएको छ। कार्यसम्पादन मूल्यांकन भनेको कुनै राजदूतको पद अनुसार गर्नुपर्ने कार्यको मापन तथा मूल्यांकन गर्ने कार्य हो। कार्यसम्पादन मूल्यांकन सम्बन्धित राजदूतले आफ्नो काम–कर्तव्य पूरा गर्दा लगाएको समय, काम गरेको परिमाण, गुणस्तर, प्रभावकारिताका आधारमा निजको कार्यको मूल्यांकन गर्ने विधि तथा पद्धति हो। कार्यसम्पादन मूल्यांकन गर्न सर्वप्रथम सम्बन्धित राजदूतले गर्नुपर्ने कार्यको विवरण हुनुपर्छ। यो राजदूतको काम, काम गर्दाको अवलम्बन गरेको पद्धति तथा त्यसबाट संगठनमा पुगेको योगदान समेत मूल्यांकन हो।

आशा गरौं, परराष्ट्र मन्त्रालयले प्रक्रिया पूरा गरेरै राजदूतहरूको कार्यसम्पादन चित्तबुझ्दो नभएको भनी दाबी गरेको होला। तर अहिले सबैलाई एउटै डालोमा राखेर 'कार्यसम्पादन कमजोर' भन्नु न्यायिक दृष्टिकोण होइन। कसको कार्यसम्पादन कसरी कमजोर भयो — यस्ता कुराहरूमा पारदर्शिता हुनुपर्छ भन्ने सुशासनले माग गर्छ। यसैगरी दोस्रो आरोप भनेको अन्तरिम सरकारमाथि सार्वजनिक टिकाटिप्पणी गरेको हो। यो आरोप नैतिकतासँग जोडिएको छ। राजदूत सरकारका प्रतिनिधि हुन्, त्यसैले उसले नयाँ सरकारमाथि प्रश्न उठाउनु पदको गरिमाविरूद्ध हो। यदि कसैले यस्तो गरेका छन् भने प्रमाणसहित कारबाही भयो भने आम नागरिकले अन्यथा मान्ने छैनन्।

तर कसले के भने, कुन मिडियामा, कुन सन्दर्भमा, यो स्पष्ट छैन। लोकतन्त्रमा नागरिकलाई टिकाटिप्पणीको अधिकार छ, तर राजदूत पदमा रहँदासम्म त्यो सीमित हुन्छ। यदि राजदूतहरूलाई नयाँ सरकारप्रति असहमति छ भने राजीनामा दिएर नागरिक बनेर बोल्न सक्छन्। शासन प्रक्रियाको यो सामान्य प्रक्रियालाई राजदूतहरूले बुझ्नु अनिवार्य छ। प्रधानमन्त्रीले लगाएको तेस्रो आरोप आर्थिक अनियमितता सम्बन्धित हो। केही राजदूतहरूको संलग्नता आर्थिक अनियमिततामा रहेको भनिएको छ र यो सबभन्दा गम्भीर आरोप हो। कुनै राजदूतको नाम आर्थिक अनियमिततामा मुछिएको छ भने तुरुन्त छानबिन हुनुपर्छ। तर कसको नाम कुन अनियमिततामा मुछियो, कुनै विवरण हालसम्म सार्वजनिक भएको छैन।

यो आरोपले पहिलो र दोस्रो आरोप लागेकाहरू माथि पनि अन्याय गर्छ। किनकि आर्थिक अनियमितता आरोप गम्भीर प्रकृतिको हुन्छ। यदि प्रमाण छ भने सार्वजनिक गरेर अख्तियार वा संसद नभएको स्थितिमा अन्य समितिमार्फत छानबिन गर्नु आवश्यक छ। सुशासनको एउटा प्रमुख स्तम्भको रूपमा रहेको पारदर्शिता यसमा अपेक्षा गरिन्छ। यसमा राजदूतहरूको पनि सक्रिय सहयोग आवश्यक छ, जसले गर्दा उक्त कार्यमा संलग्न नभएका राजदूतहरूको छवि सफा रहनेछ।

यी तीनै आरोप गम्भीर छन्, तर सामूहिक दोषारोपण नेपालको इतिहासमै पहिलो पटक भएको छ। यसभन्दा अघि यसरी कारण दिई सामूहिक रूपमा राजदूतहरूलाई फिर्ता गर्ने आदेश दिइएको छैन। सुशासनको सिद्धान्त अनुसार आरोप लगाउनेले प्रमाण दिनुपर्छ, छानबिन हुनुपर्छ र दोषीमाथि मात्र कारबाही हुनुपर्छ। सुशासन कायम गर्ने म्यान्डेट लिएर आएको सरकारले समयसँगै सबै कुराहरू स्पष्ट गर्नेछ।

**सरकारले तत्काल गर्नुपर्ने दुई कार्य**

पहिलो भनेको पारदर्शिता कायम गर्नु हो। सुशासनको पहिलो सर्त

–बाँकी तीन पेजमा

# LAHAN MUNICIPALITY

## OFFICE OF MUNICIPALE EXECUTIVE

LAHAN, SIRAHA

MADHESH PROVINCE, NEPAL

### INVITATION FOR BIDS

Notice No: **LMUN-W15-IFB-2082-83-18**

Date Of Publication: **2082-07-30 (November 16th 2025)**

1. Lahan Municipality, Office of Municipal Executive Invites Open Competitive Bidding (Single-Stage-Single -Envelope) system from eligible bidders for the following contracts as mentioned below under National Competitive Bidding procedures:
2. Information regarding Pre-Bid Meeting, Last date of Submission, Date of Opening

| S.N | Contract ID | Project Description | Pre-Bid Meeting | Last date of Submission | Date of Opening | Bid Security Amount | Bid Validity Period | Bid Document Fee (NRs.) | Estimated Amount Without Vat and Contingency (NRs.) |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LMUN-W15-NCB-2082-83-18 | P.C.C Road Construction Work, ward no-1 (from Lok Marg to Electricity Authority Office) | 06th December 2025 14:00 hours | 16th December 2025 12:00 hours | 16th December 2025 14:00 hours | NRS. 1,25,000.00 | 90 | 3000.00 | 43,09,329.49 |
| 2 | LMUN-W16-NCB-2082-83-19 | P.C.C Road Construction Work, ward no-8 (from the Post Office to Jagdish Mandal's House) | 06th December 2025 14:00 hours | 16th December 2025 12:00 hours | 16th December 2025 14:00 hours | NRS. 1,25,000.00 | 90 | 3000.00 | 43,09,567.37 |

3. Bidder shall submit their bid electronically only and shall download the bidding documents for submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below. Information to deposit the cost of bidding document in Bank:
   **Name of the Bank: Nepal Bank Ltd, Lahan Branch.**
   **Name of Office : Lahan Municipality**
   **Office Code no. : 16-365-22**
   **Office Account no.: 03603000001001000001**
   **Rajaswa (revenue) Shirshak no. 14229**
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 hours on 16th Dec, 2025 at Lahan Municipality, Office of the Municipal Executive, Lahan (Siraha). Bids must be valid for a period of 90 days from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. mentioned above in the table for respective contract, which shall be valid for 30 days beyond the validity period of the bid 90 days.
5. Bid document fees all contracts shall be NRs. 3000.00. (Three thousand only) each.
6. Bid Validity period/ Bid security Validity period of all above contracts shall be 90 days.
7. Bidder Can only bid electronically through the e-procurement section of PPMO 's website http://www.bolpatra.gov.np/egp.
8. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement (14th Amendment) Rules, 2082.
9. Any amendments in the IFB notice shall be published in the e-procurement section. 8. Bank Guarantee shall be in the format specified in the bid documents otherwise rejected.
10. The Lahan Municipal, Office of Municipal Executive reserves the right, at its sole discretion, to reject, accept, or cancel any bid, whether in part or in full.

*राजदूत नियुक्तिको ..*

पारदर्शिता हो। तर हालसम्म सरकारले ११ जनालाई किन फिर्ता बोलाउने र ७ जनालाई किन नबोलाउने भन्ने कारण स्पष्ट पारेको छैन। भारत, अस्ट्रेलिया, दक्षिण कोरियाजस्ता महत्वपूर्ण देशका राजदूतहरूलाई किन छोडियो? के उनीहरूको कार्यसम्पादन राम्रो थियो वा राजनीतिक दबाब थियो? यो प्रश्नको जबाफ जनताले पाउनुपर्छ। सरकारले पारदर्शितालाई अनुशरण गर्नुपर्छ र गर्नु नै पर्छ। दोस्रो भनेको छानबिन गर्नु हो। आरोप लगाउने तर छानबिन नगर्ने प्रवृत्ति भ्रष्टचारलाई प्रोत्साहन दिने खतरा हो। यदि आर्थिक अनियमितता छ भने सम्बद्ध छानबिन हुनुपर्छ। कार्यसम्पादनको मूल्यांकन परराष्ट्र मन्त्रालयको वार्षिक प्रतिवेदनमा हुनुपर्छ। टिकाटिप्पणीको प्रमाण मिडिया वा सामाजिक सञ्जालमा खोज्न सकिन्छ।

यसका लागि सरकारले कुनै प्रक्रिया अपनाएको हालसम्म सुनिएको छैन। यो अविलम्ब सुरू गरे सरकारको सुशासन प्रतिको गम्भीरता प्रमाणित हुन्छ।

**अन्तर्राष्ट्रिय अभ्यासबाट नेपालले सिक्नुपर्ने पाठ**

विश्वका धेरै देशमा राजदूतहरू राजनीतिक नियुक्ति र करियर डिप्लोम्याट गरी दुई किसिमका हुन्छन्। राजनीतिक नियुक्तिहरू सरकार परिवर्तनमा फेरिन्छन् तर प्रक्रिया पारदर्शी र सम्मानजनक हुन्छ। संयुक्त राज्य अमेरिकामा नयाँ राष्ट्रपतिको उद्घाटन (जनवरी २०) मा राजनीतिक राजदूतहरूले स्वतः राजीनामा दिन्छन्। ह्वाइट हाउसले निर्देशन जारी गर्छ। करिअर डिप्लोम्याट (७०–८० प्रतिशत) रहन्छन्। नयाँ नियुक्ति नहुँदासम्म डेपुटी चिफ अफ मिसनले काम गर्छ। यो प्रक्रिया कूटनीतिक निरन्तरता कायम राख्छ। इसराइलमा संसदीय प्रणालीमा पनि राजनीतिक राजदूतहरूले नयाँ सरकारमा राजीनामा दिन्छन्। सन् २०२३ मा नयाँ गठबन्धन भएपछि क्यानडा र फ्रान्सका राजदूत फर्किएका थिए। यसैगरी बंगलादेशमा सन् २०२४ मा शेख हसिनाको सरकार ढलेपछि अन्तरिम सरकारले ५ जना राजदूत फिर्ता बोलाएको थियो। तर यो सरकारी आदेश थियो, स्वतः राजीनामा होइन। बेलायत, क्यानडा, अस्ट्रेलियामा करिअर डिप्लोम्याटको प्रणाली विद्यमान छ। सरकार फेरिए पनि राजदूत रहन्छन्न राजनीतिक नियुक्ति भएमा मात्र फेरिन्छ।

**राजदूतहरूले बाटो छोड्ने कि प्रक्रियामा विश्वास गर्ने?**

सरकारी नियुक्ति भएको हुँदा सरकारले नै नचाहेपछि राजदूतहरूले राजीनामा दिएर सरकारलाई मार्ग प्रशस्त गर्नुपर्छ भन्ने एकथरीको भनाइ छ, जुन सायद नाजायज होइन। तर राजदूतहरूले राजीनामा दिएर सरकारलाई सजिलो बनाउनु लोकतान्त्रिक अभ्यास हो कि होइन बहसको विषय पक्कै हो। प्रक्रियाको कुरा गर्दा, यदि आरोप गलत छन् भने न्यायिक मार्गमा हिँड्नुपर्छ। यदि सत्य छन् भने छानबिनमा व्यावसायिक कूटनीतिक शैलीमा बिना सर्त सहयोग गर्नु सरकारलाई सहयोग गर्नु हो। राजदूतहरू राज्यका प्रतिनिधि हुन्, उनीहरूको गरिमा जोगाउनु राजदूत मात्र होइन, सरकारको पनि दायित्व हो।

**दीगो समाधानको खाका**

आगामी दिनमा यस किसिमको अवस्था आउन नदिन केही काम गर्नु जरूरी छ, जसलाई निम्नानुसार उल्लेख गरिएको छ।

१) राज्यको विद्यमान संस्थाको कार्य क्षेत्रभित्र पर्ने संस्थाहरूबाट वा पारदर्शी छानबिन समिति गठन गरेर जाँचबुझ गरी प्रतिवेदन निकाल्दा कानुनी राज्यको अनुभूति हुन्छ।

२) राजदूत नियुक्ति कार्यविधि अनुसार, कुल राजदूत पदको ५० प्रतिशत नघट्ने गरी नेपाल परराष्ट्र सेवाका राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीका बहालवाला अधिकृतमध्येबाट मन्त्रालयको सिफारिस ध्यानमा राखी मन्त्रिपरिषदले निर्णय गर्नेछ। यसको कार्यान्वयन कार्यविधि अनुसार हुनुपर्छ।

३) एकपटक राजदूत नियुक्त भइसकेपछि सामान्य परिस्थितिमा पदावधि ४ वर्षको तोकेर फिर्ता नबोलाउँदा राजदूतले प्रभावकारी रूपमा काम गर्न सक्छ र अन्तर्राष्ट्रिय वृत्तमा पनि कूटनीतिक सन्देश राम्रो जान्छ। कुनै कारणले फिर्ता बोलाउन पर्दा लिखित र चित्तबुभ्दो कारण दिनुपर्छ।

४) राजदूतहरूका लागि नियुक्ति अघि कूटनीति, भाषा, प्रोटेकल, आर्थिक कूटनीतिमा प्रभावकारी र लामो समयको अनिवार्य तालिम दिनु आवश्यक छ।

५) लिखित आचारसंहिताको पूर्ण पालन अनिवार्य रूपमा गराउनुपर्छ।

सुशासन भनेको प्रक्रिया हो, प्रतिशोध होइन। सरकारले राजदूत फिर्ता बोलाउने निर्णयमा गम्भीरता देखाएको छ तर सुशासनको मापदण्ड अनुसार पारदर्शिता अपनाउनु आवश्यक छ। आरोप भविष्यमा प्रमाणित हुन सक्छ। भ्रष्टचारविरूद्ध लड्न चाहेकी प्रधानमन्त्रीको जिम्मेवारी पारदर्शी छानबिन गर्नु दोषीमाथि कारबाही गर्नु र निर्दोषलाई सफाइ दिनु हो। यस प्रक्रियामा विश्वास गरेमा भविष्यमा यस्ता मुद्दाहरूमा प्रणाली स्थिर हुने देखिन्छ। नेपालको कूटनीतिक साख जोगाउन अब राजनीतिक प्रतिशोध होइन, व्यावसायिकता र पारदर्शिताको खाँचो छ। यो विवाद सुशासनको परीक्षा हो।

आशा गरौं, सरकारले प्रक्रिया पालन गर्नेछ र फिर्ता बोलाइएका राजदूतहरूले राजनीतिक प्रभाव बिना सरकारलाई प्रक्रियामा साँचो मनले सहयोग गर्नेछन्। (लेखक रमेश अधिकारीले तीन दशक सुशासन तथा निर्वाचन प्रक्रियामा नेपालसहित श्रीलंका र अफगानिस्तानमा काम गरेका छन्।) सेतोपाटीबाट

# खुला चौरमा बसेको बैठकमा उपसभामुखको आरोप : सभामुख संविधानविपरीत गए

काठमाडौं, २९ कार्तिक। मधेस प्रदेशका उपसभामुख बबिता कुमारी राउत इसरले प्रदेश सभा बैठक खुला चौरमै सञ्चालन गरेकी छन्। आन्दोलनरत सात दलले बैठक बोलाउन माग गरेपछि उपसभामुख राउतले शनिबार प्रदेश सभाबाहिर चौरमा बैठक सञ्चालन गरेकी हुन्। प्रदेशभित्र सुरक्षाको कारण देखाउँदै बैठक नराखिएको बताइएको छ। मुख्यमन्त्री नियुक्तिलाई लिएर मधेस प्रदेशमा उत्पन्न विवादलाई लिएर सुरक्षाको कारण देखाउँदै उपसभामुख राउत सरकारी निवास छाडेर अन्यत्र बस्दै आएकी छन्।



प्रदेश सभामा रहेका सात दलले बैठक बोलाउन दबाब दिएपछि उनले चौरमै बैठक राखेर उनीहरूको कुरा सुनिन्। सरकार गठनविरुद्ध मधेसमा सात दलले विरोध जनाउँदै आइरहेको छ। आन्दालनकारीका तर्फबाट नेपाली कांग्रेसका सांसद कृष्ण यादवले आफ्नो धारणा राखेका थिए, मधेस प्रदेशमा भएको सम्पूर्ण घटनाक्रमबारे उनले जानकारी गराए। त्यसपछि उपसभामुख राउतले पनि सभामुख रामचन्द्र मण्डललाई लागेको महाअभियोग र सांसदहरूलाई गरिएको पदमुक्तबारे स्पष्ट पारिन्। उनले सभामुख मण्डलले संविधानविपरीत प्रदेश सभा सदस्यलाई पदमुक्त गरेको बताएकी थिइन्।

प्रदेश सभामा अनुपस्थित रहेको भन्दै सभामुख मण्डलले पाँच जना प्रदेश सभा सदस्यलाई पदमुक्त गरेका थिए। त्यसरी पदमुक्त गरिनु नियमविपरीत भएको उनको ठहर थियो। 'लगातार १० वटा बैठकमा अनुपस्थित हुने सांसदलाई कारबाही गर्न सकिन्छ तर जसलाई कारबाही गरिएको छ, उनीहरू विभिन्न बैठकमा उपस्थित रहेको मैले देखेको छु,' उपसभामुख राउतले भनिन्, 'अस्ति जितेन्द्र सोनलले विश्वासको मत लिँदा ती सांसदहरू उपस्थित हुनुहुन्थ्यो।' सतिश कुमार सिंहले पनि मुख्यमन्त्रीको रूपमा विश्वासको मत लिँदा पनि उनीहरू (पदमुक्त गरिएका सांसदहरू) उपस्थित भएका उनले बताइन्। त्यसको रेकर्ड आफूसँग भएको र उपस्थित हुँदाहुँदै कसैलाई कारवाही गर्न नमिल्ने उनको तर्क थियो।

'सभामुख मण्डलमाथि सांसदहरूले अविश्वास प्रस्ताव ल्याएका थिए, नियमानुसार नै मैले तोक लगाएको थिएँ,' उनले भनिन्, 'तोक लगाएपछि दर्ता गर्न जाँदा सभामुखले दर्ता चलानीमा दराजमा ताल्चा लगाइदिए।' सभामुखले दर्ता किताब नै थुनेर राखेपछि सचिवले अर्को दर्ता किताब खडा गरेर उक्त महाअभियोग प्रस्ताव दर्ता गरिएको पनि उनले बैठकमा खुलाइन्। सभामुख मण्डलले सांसदलाई हातपात गरेपछि तनावको अवस्था सिर्जनासमेत भएको उनको भनाइ थियो। आफूले सुरक्षाकर्मीलाई बोलाएर अशान्त वातावरणलाई नियन्त्रणमा लिएको उनको जिकिर थियो। यद्यपि उनले सभामुखमाथिको महाभियोग प्रस्ताव प्रक्रिया अगाडि बढ्ने जानकारी पनि दिइन्।

# प्रदेशस्तरीय हाजिर–जवाफ प्रतियोगिता २०८२ वीरगञ्जमा सम्पन्न, सप्तरी प्रथम

वीरगञ्ज, २९ कार्तिक। राष्ट्रिय निजी तथा आवासीय विद्यालय एसोसिएसन नेपाल ( नेशनल प्याब्सन) मधेस प्रदेश समितिद्वारा आयोजित प्रदेशस्तरीय हाजिर–जवाफ प्रतियोगिता २०८२ (चौथो संस्करण) वीरगञ्जको घन्टाघरस्थित क्लासिक बैंक्वेटमा भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रम नेशनल प्याब्सनका केन्द्रिय उपाध्यक्ष तथा मधेस प्रदेश अध्यक्ष डा. नन्दन यादवको अध्यक्षतामा सम्पन्न भएको थियो।

कार्यक्रमका प्रमुख अतिथि पूर्व सांसद तथा राष्ट्रिय स्वाधीनता पार्टीका प्रवक्ता मनिष झाले यस्ता शैक्षिक प्रतियोगिताले विद्यार्थीको बौद्धिक क्षमता, नेतृत्व विकास र आत्मविश्वास अभिवृद्धिमा निर्णायक भूमिका खेल्ने उल्लेख गरे। "आजको प्रतिस्पर्धा केवल अंक वा स्थानको लागि मात्र होइन, ज्ञानको प्रकाश फैलाउने यात्राको महत्वपूर्ण चरण हो," उनले भने। विद्यार्थीहरूमा देखिएको उत्साह, जाँगर र प्रतिस्पर्धात्मक आत्मविश्वासले सबैलाई गर्वान्वित बनाएको उनले बताए।

कार्यक्रमको विशिष्ट आतिथ्य नेशनल प्याब्सनका पूर्व राष्ट्रिय अध्यक्ष पाण्डव हमाल, केन्द्रिय वरिष्ठ उपाध्यक्ष बजेन्द्र मिश्र, केन्द्रिय सदस्यहरू छेदुप लामा, राम बाबु सिंह, मोतिबुल राईन, राजु कार्की, प्रदेश उपाध्यक्षहरू लालजी ठाकुर र पप्पु गुप्ताले ग्रहण गरेका थिए। साथै, प्रदेश सचिव जितेन्द्र प्रसाद गुप्ता, कोषाध्यक्ष राम यस झा, सह–सचिव के एस फिगिसन, प्रदेश सदस्यहरू कौशलेन्द्र कुमार, विजय यादव, पर्सा जिल्ला समितिका अध्यक्ष रामकुमार श्रेष्ठ, महानगर समितिका नगर अध्यक्ष सोनालाल पटेल, लालबहादुर गुरुङलगायतको उल्लेख्य उपस्थिति रहेको थियो।

मधेस प्रदेशका ८ जिल्ला– पर्सा, बारा, रौतहट, सप्तरी, सर्लाही, धनुषा, महोत्तरी र सिरहाबाट छानिएका विद्यार्थीहरूको सहभागितामा सम्पन्न प्रतिस्पर्धामा सप्तरी जिल्ला प्रथम, महोत्तरी दोस्रो र धनुषा तृतीय स्थान हासिल गर्न सफल भए। विजयी टोलीलाई ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गर्दै सम्मान गरिएको थियो। वक्ताहरूले हाजिर–जवाफजस्ता कार्यक्रमहरूले विद्यार्थीको विश्लेषण क्षमता, तर्कशक्ति, प्रस्तुतीकरण सीप र समग्र ज्ञानवृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउने भन्दै प्रतियोगिताको उच्च सराहना गरे। कार्यक्रमले प्रदेशभरका विद्यार्थीहरूमा शैक्षिक प्रतिस्पर्धा र नेतृत्व विकासको सन्देश प्रसार गर्न सफल भएको आयोजकको भनाइ छ।

# राजस्व कार्यालय स्थापनाको माग गर्दै प्रधानमन्त्रीलाई पठाइयो पाँच हजारभन्दा बढि हस्ताक्षर

सप्तरी, २९ कार्तिक। राजविराजबाट करदाता सेवा कार्यालय नसार्न गरिएको हस्ताक्षर प्रधानमन्त्रीलाई पठाउन प्रमुख जिल्ला अधिकारीलाई जिम्मा लगाइएको छ। शुक्रबार उद्योग बाणिज्य संघको अगुवाइमा गत कात्तिक २२ गतेबाट संकलन गरिएको हस्ताक्षर प्रमुख जिल्ला अधिकारी टुवराज पोखरेलमार्फत प्रधानमन्त्री सुशिला कार्कीलाई पठाउन जिम्मा लगाइएको हो।

करदाता सेवा कार्यालय नसार्न सरकारलाई आग्रह गर्दै राजविराजको गजेन्द्र चोकमा हस्ताक्षर संकलन गरिएको पाँच हजारभन्दा बढि हस्ताक्षर प्रधानमन्त्रीलाई कार्कीलाई पठाइएको उद्योग वाणिज्य संघ सप्तरीका महासचिव अमृत संचेतीले जानकारी दिनुभयो। हातमा कालोपट्टी बाँधेर जिल्ला प्रशासन कार्यालय पुगेका संघका पदाधिकारीले हस्ताक्षर गरिएको तुल बुझाएका हुन्। करदाता सेवा कार्यालय सार्न लागेको विरोधमा सप्तरी उद्योग वाणिज्य संघले निरन्तर आन्दोलन गर्दै आएको छ।

यसअघि हस्ताक्षर संकलनका साथै धर्ना दिँदै आएको संघले शनिबार हातमा कालोपट्टी बाँधेर कारोबार गर्ने भएका छन्। सोही दिन दिउँसो ३ बजे भेला भई कालोपट्टी बाँधेर प्रदर्शन गर्ने निर्णय भएको सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रबालले जानकारी दिनुभयो। आन्दोलनअन्तर्गत ३० गते आइतबार बिहान १० देखि ११ बजेसम्म जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना बस्ने कार्यक्रम समेत तय भएको उहाँले बताउनुभयो। संघका अध्यक्ष अग्रवालले जिल्लामा ७० हजारभन्दा बढि करदाता रहेको अवस्थामा आन्तरिक राजस्व कार्यालय नै स्थापना हुनुपर्ने माग गर्नुभयो।










मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा–६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)